
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ११९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० बैशाख ३० गते शनिबार ❑ 13 May 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## गण्डकीमा मन्त्रिपरिषद् विस्तार, मन्त्रीले लिए शपथ

**पोखरापत्र संवाददाता**
गण्डकी, २९ बैशाख

गण्डकी प्रदेश सरकारले पूर्णता पाएको छ । मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले शुक्रबार चार मन्त्री नियुक्त गर्नुभएको हो ।

नेपाली कांग्रेसबाट आर्थिक मामिलामन्त्रीमा तनहुँका जीतप्रकाश आले, कृषि तथा भूमि व्यवस्थामन्त्रीमा नवलपुरका महेन्द्रध्वज जिसी, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रीमा बागलुङका दीपेन्द्रबहादुर थापा नियुक्त हुनुभएको हो ।

नेकपा (माओवादी केन्द्र) बाट रेशम जुग्जाली भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्रीमा नियुक्त हुनुभएको हो । विना विभागीयमन्त्रीका रूपमा पहिले नै शपथ लिइसक्नुभएका कांग्रेसका सरस्वती अर्याल तिवारीले ऊर्जा, जलस्रोत तथा खानेपानी र माओवादी केन्द्रका सुशीला सिम्खडाले सामाजिक तथा स्वास्थ्य मन्त्रालयको जिम्मेवारी पाउनुभएको छ ।

नवनियुक्त मन्त्रीहरूले आजै प्रदेश प्रमुख पृथ्वीमान गुरुङसमक्ष पद तथा गोपनीयताको शपथ लिनुभएको छ । यसअघि बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले गण्डकी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को नियम ८ अनुसार मन्त्रालयको कार्य विभाजन हेरफेर गरेको थियो । नयाँ कार्य विभाजनअनुसार आन्तरिक मामिला तथा कानुन मन्त्रालय मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयमा गाभिएको छ । अबदेखि शान्ति सुरक्षा, विपद् व्यवस्थापन, प्रदेशसभा मामला, कानुन, सञ्चार आदिको कार्य जिम्मेवारीसमेत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सम्हाल्नेछ । कृषि तथा जलस्रोत मन्त्रालयले कृषि, पशुपन्छी, ऊर्जा, सिँचाइ र खानेपानी हेर्दै आएकामा ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय र कृषि तथा भूमि व्यवस्था मन्त्रालय छुट्टाछुट्टै बनाइएको हो ।

आर्थिक मामिला मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय भने यथावत् कायम छन् । यही वैशाख १४ गते मुख्यमन्त्रीमा नियुक्त पाण्डेले वैशाख २१ मा विश्वासको मतसमेत पाइसक्नुभएको छ ।

साठी सदस्यीय प्रदेशसभामा उहाँलाई कांग्रेसका २७, माओवादी केन्द्रका सात र नेकपा (एस)का एक गरी ३५ प्रदेशसभा सदस्यले विश्वासको मत दिएका थिए । प्रदेशसभामा २२ सिट रहेको नेकपा (एमाले) र दुई सिटको राष्ट्रिय प्रजातन्त्र पार्टी भने प्रतिपक्षी भूमिकामा पुगेका छन् ।

## पोखरामा उपभोक्ता अधिकारबारे चर्चा

**पोखरापत्र संवाददाता**
गण्डकी, २९ बैशाख



कास्कीका प्रमख जिल्ला अधिकारी टेकबहादुर केसीले मिटरब्याज र सहकारीबाट पीडितहरुको समस्या देखेर दिक्क लाग्ने गरेको बताएका छन् ।

उनले तराइमा जस्तो मिटर ब्याज पीडितको संख्या ठूलो नभए पनि कास्कीमा करोडौं रुपैयाँसम्मको कारोबार भएको र सहकारीबाट पीडितको समस्या पनि उस्तै भएको बताए ।

एक व्यक्तिले १७ लाख रुपैयाँ ऋण लिएर १ करोड ८५ हजार भुक्तानी गरिसकेछन् तर उनलाई अझै ५५ लाख तिर्न बाँकी रहेको देखाइएछ,'जिल्ला प्रशासन कार्यालय कास्कीमा आएको एक उजुरीको फेहरिस्त प्रस्तुत गर्दै उनले भने,'अदालतमा मुद्दा हाल्दा भने मिटरब्याज लगाउनेले ३४ लाख बाँकी छ भनेछ ।' उनी शुक्रबार पोखरा उद्योग वाणिज्य संघ र राष्ट्रिय उपभोक्ता महासंघले संयुक्त रुपले आयोजना गरेको व्यावसायिक सचेतना तथा अन्तरक्रियामा बोल्दै थिए।उनलेपोखरामामिटरब्याजबाट पीडितहरुको अवस्था कहालीलाग्दो भएको पनि बताए । 'पीडितहरु सयौंको संख्यामा छन्,रोएका छन्,' उनले भने । प्रजिअ जिसीले सहकारीबाट पीडितहरुको अवस्था पनि उस्तै रहेको सुनाए । 'सहकारीलाई हेर्ने जिम्मा प्रदेश र स्थानीय तहलाई दिएको छ तर नियमन छैन,'उनले भने,' एउटै व्यक्तिको ३/४करोड फसेको छ,संचालक सम्पर्कमा छैनन्, उनीहरुको गुनासो सुन्दा पनि दिक्क लाग्छ ।' उनले उपभोक्ताहरुको अधिकारलाई ध्यानमा राख्न व्यवसायीहरुसँग आग्रह पनि गरे । व्यवसायीहरुलाई कानूनबारे थाहा हुने तर कार्यान्वयन नगर्ने प्रवृत्ति रहेको पनि उनले सुनाए ।

कार्यक्रम तथा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवनकुमार प्रजापतिले व्यवसायी स्वयं पनि उपभोक्ता भएको र ऊ उपभोक्ताको अधिकारप्रति सचेत रहेको जिकिर गरे । 'कोही बदमास पनि होलान् तर हाम्रो अर्थतन्त्र आयातमा निर्भर छ, हामी अर्काको सामान ल्याएर बेच्न


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## एमालेले जेठदेखि चैतसम्म कार्यक्रम सञ्चालन गर्ने

**रासस**
काठमाडौं, २९ बैशाख

नेकपा (एमाले) एक वर्षको कार्ययोजना बनाई कार्यक्रम सञ्चालन गर्ने भएको छ ।

ललितपुरस्थित पार्टी मुख्यालयमा आयोजित पत्रकार सम्मेलनमा एमाले प्रचार विभागका उपप्रमुख विष्णु रिजालले मिसन ग्रासरुट अभियानबाट प्राप्त भएको सुझावका आधारमा पार्टीले आगामी जेठदेखि चैतसम्म वार्षिक कार्ययोजना बनाई कार्यक्रम सञ्चालन गर्ने जानकारी दिनुभयो । पार्टी सुदृढीकरण गर्नका लागि एमालेले गत फागुन ५ गतेदेखि दुई महिना मिसन ग्रासरुट अभियान सञ्चालन गरेको थियो । उहाँले अहिले बसिरहेको केन्द्रीय कमिटी बैठकमा मिसन ग्रासरुट अभियानको प्रदेश तहबाट सुझाव दिई भोलि बिहान बस्ने पार्टीको स्थायी कमिटी बैठकले वार्षिक कार्ययोजना तयार पार्ने बताउनुभयो । "प्रदेश तहबाट प्राप्त सुझावलाई विश्लेषण गर्दै र केन्द्रीय नेतृत्वले सोचेका योजना समायोजना गर्दै स्थायी कमिटी बैठकले पार्टीको वार्षिक कार्ययोजना तयार पार्ने छ", उहाँले भन्नुभयो, "स्थायी कमिटीले तयार पारेको कार्ययोजनाको खाका भोलि नै बस्ने केन्द्रीय कमिटी बैठकमा २०८० जेठदेखि चैतसम्म एमालेले देशव्यापी सञ्चालन हुने गरी पारित गरिनेछ ।" उहाँले जनताको पहिलो रोजाइबाट आगामी २०८४ सालको निर्वाचनमा पहिलो शक्ति बनाउने गरी कार्ययोजना बन्ने उहाँको भनाइ थियो ।

शुक्रबारको केन्द्रीय कमिटी बैठकमा महासचिव शङ्कर पोखरेलले आगामी कार्ययोजनाका सम्बन्धमा मार्गदर्शन दिनुभएको थियो । यस्तै, आजको केन्द्रीय कमिटी बैठकमा पाँच प्रदेशले मिसन ग्रासरुट अभियानको समीक्षा प्रतिवेदन गरेका छन् । नेता रिजालका अनुसार बागमती प्रदेशका तर्फबाट सचिव गोकर्णराज विष्ट, पेसागत विशेष समितिबाट स्थायी कमिटी सदस्य सुजिता शाक्य, सम्पर्क समन्वय समितिका तर्फबाट स्थायी कमिटी सदस्य लालबाबु पण्डित र गण्डकी प्रदेशका तर्फबाट सचिव पद्म आर्यालले मिसन ग्रासरुट अभियानको समीक्षा प्रतिवेदन प्रस्तुत गर्नुभयो । हिजो र आज प्रस्तुत गरिएको मिसन ग्रासरुट अभियानको समीक्षामाथि सातवटा प्रदेश सात टोली तथा पेसागत विशेष र सम्पर्क समितिको एक टोली गरी समहूगत छलफलसमेत गरिएको केन्द्रीय सदस्यसमेत रहनुभएका रिजालले जानकारी दिनुभयो ।

## गण्डकीमा प्रादेशिक सडकको गुरुयोजना निर्माण गरिँदै

**पोखरापत्र संवाददाता**
गण्डकी, २९ बैशाख

गण्डकी प्रदेश सरकारले सडक व्यवस्थित गर्न प्रदेश मातहत रहेका सडकहरूको गुरुयोजना बनाउने भएको छ ।

प्रादेशिक सडकहरूको गुरुयोजनापछि सडक पूर्वाधार निर्माणको योजना तथा मर्मतसम्भारका लागि सहयोगी हुने भौतिक पूर्वाधार विकास तथा यातायात व्ययवस्था मन्त्रालयले जनाएको छ । प्रदेश सरकारका नवनियुक्त भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जालीले आज मन्त्रालयमा पदभार ग्रहण गर्दै प्रादेशिक सडक सञ्जालको गुरुयोजना बनाउनका लागि प्राविधिक समिति गठन गर्ने निर्णयमा हस्ताक्षर गर्नुभयो ।

पूर्वाधार विकास निर्देशनालयका निर्देशक राम पराजुलीको संयोजकत्वमा रहेको समितिले अध्ययन गरेर दुई महिनाभित्र गुरुयोजनाको खाका मन्त्रालयमा बुझाउनेछ । समितिमा मन्त्रालयका योजना हेर्ने महानिर्देशक तथा जिल्लास्थित पूर्वाधार विकास कार्यालयका प्रमुखहरू सदस्य रहने मन्त्रालयका सचिव इन्जिनियर तुलसीराम भट्टराईले बताउनुभयो । प्रादेशिक सडकहरूलाई व्यवस्थित गर्नका लागि गुरुयोजना बनाउन लागिएको सचिव भट्टराईले बताउनुभयो ।

सडक निर्माण, मर्मत, सुधार, स्तरोन्नति तथा यातायातको पहुँचको अवस्था र पुनर्निर्माण गर्नुपर्ने सडकको माग सङ्कलन, सडक यातायातसँग सम्बन्धित आवश्यक सेवा तथा सुविधाका लागि गुरुयोजनाले सहयोग पुग्ने बताइन्छ । सचिव भट्टराईले भन्नुभयो, "प्रदेश सरकारअन्तर्गत रहेका प्रादेशिक सडक सञ्जालको गुरुयोजना निर्माणका लागि प्राविधिक समिति गठन गर्ने दीर्घकालीन महत्त्वको निर्णय गरेका छौं । गुरुयोजनापछि प्रदेशभित्रको सडक तथा यातायात क्षेत्रको योजना बनाउन, सडक मर्मतसम्भार तथा प्राथमिकीकरणका लागि सहयोग पुग्नेछ ।" पदबहालीपछि मन्त्रालयमा कर्मचारीलाई निर्देशन दिँदै मन्त्री जुग्जालीले जनताका आवश्यकतालाई पूरा गर्ने गरी विकास निर्माण अघि बढाइने बताउनुभयो । पूर्वाधार क्षेत्रको विकासबाट मात्र देशको समृद्धि हुने भएकाले भौतिक पूर्वाधार मन्त्रालयको ठूलो जिम्मेवारी रहेकाले इमानदारीपूर्वक काम गर्न उहाँले कर्मचारीहरूलाई निर्देशन दिनुभयो ।

## पक्षपातरहित ढंगले विकास गर्नुपर्छ : अध्यक्ष तिमिल्सिना

**पोखरापत्र संवाददाता**
पर्वत, २९ बैशाख


राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले विकासका योजना छनोटमा पक्षपात हुँदा त्यसले विद्रोह निम्त्याउने सक्ने चिन्ता व्यक्त गर्नुभएको छ ।

अध्यक्ष तिमिल्सिनाले आफ्नो जन्मगाउँ पर्वतको मोदी गाउँपालिका-७ को वडा कार्यालय भवनको उद्घाटनलाई सम्बोधन गर्दै उहाँले पक्षपातरहित ढङ्गले विकास निर्माण गर्नुपर्नेमा जोड दिनुभयो । "विकास निर्माणका काम योजनाबद्ध र आवश्यकताका आधारमा हुन आवश्यक छ", उहाँले भन्नुभयो, "बिना गुरुयोजना पहुँच हुनेले योजनाहरु लाने र अरूले नपाउने भयो भने त्यस्तो अवस्थामा विद्रोह हुन्छ । पक्षपातरहित ढङ्गले विकासको समानुपातिक वितरण आवश्यक छ ।" अध्यक्ष



तिमिल्सिनाले विकासमा पक्षपात गर्नु हुँदैन भन्ने मान्यता सबैले राख्नुपर्नेमा जोड दिँदै सबैले भूगोल र क्षेत्रका बासिन्दाले पनि आफ्ना योजना पनि छनोटमा पर्छन् भन्ने धैर्यता राख्ने र नीति निर्माण तहमा रहेका व्यक्तिले बिना पक्षपात काम गर्नुपर्ने बताउनुभयो । तीनवटै तहका सरकारले आगामी आर्थिक वर्षका लागि बजेटको तयारी गरिरहेका बेला योजनाबद्ध र आवश्यकताका आधारमा योजना छनोट गर्न उहाँले आग्रह गर्नुभयो । पर्वत जिल्लाका सबै वडा कार्यालयहरुसम्म पुग्ने सडकहरु कालोपत्र हुने चरणमा रहेको बताउँदै अध्यक्ष तिमिल्सिनाले अहिले काम भइरहेका र योजना छनोट प्रक्रियामा रहेका स्थानका बासिन्दालाई पनि धैर्यता गर्न आग्रह गर्नुभयो । उहाँले आफूँ राष्ट्रियसभालाई राम्रो समय चलाउने तर बचेको समय विकास निर्माण र देशका अन्य सरोकारका विषयमा पनि लागिरहने प्रतिबद्धता जनाउनुभयो । कार्यक्रममा राष्ट्रिय समावेशी आयोगका सदस्य पुष्प तिमिल्सिना, गण्डकी प्रदेशसभाका सदस्य भक्त कुँवर, मोदी गाउँपालिकाका अध्यक्ष हिरादेवी शर्मा, निर्वतमान अध्यक्ष प्रेम पौडेल, उपाध्यक्ष बिमल लामिछाने, वडा नं ७ का अध्यक्ष दुर्गाप्रसाद शर्मा, निवर्तमान वडाअध्यक्ष वसन्त गुरुङलगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

उक्त वडा कार्यालय भवन रु ६८ लाखको लागतमा निर्माण भएको थियो । भवन निर्माणका लागि रुद्रप्रसाद तिमिल्सिना र नीलकुमारी तिमिल्सिनाले दुई रोपनी ६ आना जग्गा निःशुल्क दिनुभएको थियो भने स्थानीय लोकनाथ रिजालले बाटोका लागि जग्गा प्रदान गर्नुभएको वडा कार्यालयले जानकारी दिएको छ ।

# ब्याडमिन्टन प्रतियोगिता अन्तर्गत शनिबार सेमिफाइनल तथा फाइनल खेल हुने

पोखरापत्र संवाददाता
पोखरा, २९ बैशाख

पोखरामा जारी भदे दोश्रो राष्ट्रिय पोखरा महानगर र मोहन मेमोरियल खुल्ला तथा अन्तर विद्यालय राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता अन्र्तगत शनिबार सेमिफाइनल तथा फाइनल खेलहरु हुने भएको छ।

पोखरा महानगरपालिका खेलकुद विकास समिति र मोहन भुगोल ब्याडमिन्टन फाउण्डेसनको संयुक्त आयोजनामा पोखरा रगंशालाको ब्याडमिन्टन कोर्टमा जारी उक्त प्रतियोगिता अन्र्तगत शुक्रबार विभिन्न इभेन्टमा क्वाटर तथा सेमिफाइनलका खेलहरु भएको फाउण्डेसनका अध्यक्ष एवं राष्ट्रिय खेलाडी भुगोल गुरुङले बताए । निमावि छात्र एकल तर्फको खेलमा क्याम्पियन स्कुलका सुदेस राजकोटी र रोज म्यारी आइडलका दियोन भण्डारी फाइनलमा प्रबेश गरेका छन्। शुक्रबार भएको सेमिफाइनल खेलमा राजकोटीले एपेक्स लाइफका सुभव कार्कीलाई २१–१३, २१–११ को सोझो सेटमा पराजित गरी फाइनलमा



प्रबेश गरे । अर्को खेलमा भण्डारीले सक्षम गुरुङलाई २१–१५, २१–७ को सोझो सेटमा पन्छाउदै फाइनलमा यात्रा बनाएका हुन् । विमावि छात्रा एकल तर्फ बिद्या बिकासकी आस्ना श्रेष्ठ र मैत्रिय पाठशाला वाल्ड्रोफकी निभा राई फाइनलमा प्रबेश गरेका छन्। शुक्रबार भएको खेलमा श्रेष्ठले हिम रस्मी स्कुलकी उपासना बोहरालाई २१–८, २१–१५ को सोझो सेटमा पन्छाउदै फाइनलमा यात्रा बनाएकी हुन् । त्यसै गरी राईले लाली गुरास नेश्नलकी अस्मिता खत्रीलाई २१–१५, २१–१८ को सोझो सेटमा पन्छाउदै फाइनलमा स्थान बनाए । मावि छात्र एकल तर्फको खेलमा बागमती अल्टरनेटिभका सुविन श्रेष्ठ र श्रीकृष्ण संस्कृत तथा साधारण माविका इन्केशसिंह ठकुरी फाइनलमा प्रबेश गरेका हुन् । शुक्रबार भएको खेलमा श्रेष्ठले खैरेनीटार माविका सफल भुजेललाई २१–९, २१–५ को सोझो सेटमा पन्छाउदै फाइनलमा यात्रा बनाएका हुन्। त्यसै गरी अर्को खेलमा ठकुरीले एपेक्स लाइफका सत्यम कार्कीलाई २१–१९, २१–४ को सोझो सेटमा पन्छाउदै फाइनलमा यात्रा बनाएका हुन् ।

मावि छात्रा एकल तर्फको खेलमा सेन्ट म्यारिज स्कुलकी दिलासा राना र ग्लालेक्सी पब्लिक स्कुलकी रिहान शेरचन फाइनलमा प्रबेश गरेका छन् । शुक्रबार भएको खेलमा रानाले बाल दिक्षा सदनकी तिशारानी शाक्यलाई २१–१२, २१–१० को सोझो सेटमा पन्छाउदै फाइनलमा प्रबेस गरीन् । अर्को खेलमा शेरचनले मैत्रिय पाठशालाकी निभा राईलाई २१–१८, २१–१२ को सोझो सेटमा पराजित गरी फाइनलमा यात्रा बनाइन् ।

पोखरा महानगर वडा स्तरिय पुरुष डवल तर्फको खेलमा पोखरा १६ का इसान खड्का र आशिस श्रेष्ठ तथा पोखरा १६ का अनिल बस्नेत र बिशाल बस्नेत फाइनलमा प्रबेस गरेका छन्। शुक्रबार भएको खेलमा खड्का र श्रेष्ठको जोडीले पोखरा ८ का विर्ख बहादुर गुरुङ र शुसिल पौडेलको जोडीलाई २१–११, २१–१० को सेटमा पन्छाए । अर्को खेलमा अनिल र बिशालको जोडीले पोखरा ८ का शम्भु कुमार श्रेष्ठ र सुरेस तामाङको जोडीलाई २१–१३, २१–१९ को सोझो सेटमा पन्छाउदै फाइनलमा यात्रा बनाए । उक्त प्रतियोगितामा अन्तराष्ट्रिय कम्पनी भदे नेपालले मुख्य प्रायोजन गरेको फाउण्डेसनका सचिव बरदान ताङ्वे लामाले बताए । चर्चित भदे कम्पनीले ट्रेकिङका सामानहरु बिक्री गर्दै आएको छ ।

# अनुदान उत्पादनमा प्रेरक

पोखरापत्र संवाददाता
पोखरा, २९ बैशाख

कास्कीको रुपा गाउँपालिका-५ देउरालीकी खोमाया गुरुङ यतिखेर बाख्रापालन गरिहनुभएको छ।

विगतमा परम्परागत खोरमा बाख्रा पाल्नुभएकी उहाँले अहिले आधुनिक खोर निर्माण गर्नुभएको छ। दश बाख्राबाट सुरु गर्नुभएकी उहाँका खोरमा हाल २४ बाख्रा भइसकेका छन् । गएको दशैँमा घरमा मासुको व्यवस्थासँगै पाँच पाठा बेचेर अन्य खर्च एवं बैंकको किस्ता तिरेको गुरुङ बताउनुहुन्छ। विगतमा बाँदरका कारण अन्य खेती गर्न नसकेका अवस्थामा कृषि तथा पशुपक्षी विकास मन्त्रालयको 'नेपाल लाइभ स्टक सेक्टर इनोभेसन आयोजना (एनएलएसआइपी)'बाट प्रदान गरिएको अनुदान सहयोगले यतिखेर गुरुङजस्तै गाउँका २४ महिला बाख्रापालनमा लागेका छन्। अन्नपूर्ण पशुपालक समूहमा आबद्ध उहाँहरू यतिखेर बाख्रापालन सक्रिय बनेका हुन् ।

आयोजनाले मासु उत्पादन मूल्य शृङ्खलाअन्तर्गत सम्बन्धित व्यक्ति एवं संस्थाको २० प्रतिशत र बैंकको ३० प्रतिशतः ऋण लगानीसहित आयोजनाबाट ५० प्रतिशत अनुदान दिने गरी प्रस्ताव आह्वान गरेकामा उक्त समूहले सबै प्रक्रिया पुर्‍याएर सो अनुदान सुविधा लिएको थियो । बाख्रापालनका लागि कुल रु एक करोड ९८ लाख लगातमध्ये स्वलगानी रु ३९ लाख, बैंकको रु ५९ लाख र आयोजनाको रु ९९ लाख ४३ हजार रहेको अन्नपूर्ण पशुपालक समूहका सचिव अप्सरा श्रेष्ठले जानकारी दिनुभयो । समूहले आयोजनासँग २०७८ भदौमा सम्झौता गरेको हो।आयोजनाअन्तर्गत सुधारिएका खोर निर्माण, खरी बाख्रा तथा ५० प्रतिशत बोयर बोका खरिद, बाख्रापालन व्यवसायीकरण, आधुनिकीकरणले खोरमा यतिखेर बाख्राका पाठा हुर्किँदै छन् । समूहका कतिपयले बिक्रीसमेत गर्न थालेको श्रेष्ठ बताउनुहुन्छ।

"अनुदानले स्वरोजगार बनाउन टेवा पुर्‍याएको छ", उहाँले भन्नुभयो, "दैनिक १९ किलो मासु उत्पादन गर्ने दीर्घकालीन योजना छ।"

समूहले उत्पादित मासुको बजार व्यवस्थापन गरिसकेको उल्लखे गर्दै उहाँले उत्पादित बाख्रा, पाठा घर-घरबाटै बिक्री हुन थालेको समूहका अर्की सदस्य दुर्गा विक बताउनुहुन्छ।

आयोजनाकै अनुदानप्राप्त पोखरा महानगरपालिका-३१ चक्रदेवी गुणस्तरीय दूध उत्पादन केन्द्रले सम्झौताअनुसारका काम सम्पन्न गरी अनुदान सहयोगको सम्पूर्ण किस्ता भुक्तानी गरिसकेको छ । अनुदान सम्झौताअनुसार कुल लागत रु एक करोड ३३ लाखको ५० प्रतिशत अनुदान एवं स्वलगानी २० प्रतिशत र बैंकको ३० प्रतिशत ऋण लगानी गरी गाईगोठ निर्माण, गाई खरिद र आवश्यक मेसिन औजार खरिद गरिएको केन्द्रका व्यवस्थापक इन्द्रप्रसाद तिवारीले जानकारी दिनुभयो। आयोजानबाटै अनुदान प्राप्त गरी जिल्ला सहकारी सङ्घ लिमिटेड कास्कीले दुग्ध प्रशोधन केन्द्रको क्षमता विस्तार गरेको वरिष्ठ व्यवस्थापक भोजराज घिमिरेले बताउनुभयो । विसं २०५७ देखि एक हजार लिटर दूध सङ्कलन, प्रशोधन र बजारीकरण गर्दै आएको केन्द्रले अनुदान सहयोग प्राप्त भएसँगै हाल दुई हजार पाँच सय लिटर दूध सङ्कलन, प्रशोधन र बजारीकरण गर्न थालेको छ।

"उपआयोजनापूर्व दूध, दही र पनिर मात्र उत्पादन हुन्थ्यो, अनुदान सहियोगपछि आइसक्रिम, खुवा, मिठाईलगायत वस्तु पनि विविधिकरण गरिएको छ", उहाँले भन्नुभयो । उपआयोजना सञ्चालनपश्चात ५० जनाले प्रत्यक्ष र एक सय जनाले अप्रत्यक्षरुपमा रोजगारी पाएका छन् । आयोजनाअन्तर्गत गण्डकी प्रदेशका जिल्लामा कुल दुई सय ४१ अवधारणापत्र प्राप्त भएकामा एक सय ७८ फार्म एवं संस्था स्वीकृत भएको पूर्ण प्रस्ताव तालिम तथा मूल्याङ्कनपछि ७४ उपआयोजनासँग सम्झौता भएको विकेन्द्रीकरण आयोजना सहयोग एकाइ पोखराका निमित्त प्रमुख डा प्रकाश अधिकारीले जानकारी दिनुभयो।

# गण्डकी वाङ्मय पुरस्कार- २०७९ द्वारा नारायण परिश्रमीलाई सम्मान गरिने

पोखरापत्र संवाददाता
पोखरा, २९ बैशाख

गण्डकी साहित्य सङ्गम, पोखराले समाजवादी यथार्थवाद र सामन्तवाद-साम्राज्यवाद विरोधी प्रगतिशील तथा देशभक्त साहित्यिक धारामा साधना गर्ने स्रष्टाहरुलाई प्रेरणा, प्रोत्साहन एवं सम्मान गर्न २०५२ सालदेखि राष्ट्रिय तहमा गोकुल वाङ्मय पुरस्कार (रु. ४०,०००।-) र क्षेत्रीय तहमा गण्डकी वाङ्मय पुरस्कार (रु. २०,०००।-) एक एक वर्ष बिराएर प्रदान गर्दै आएको छ। यसै क्रममा २०७९ सालको गण्डकी क्षेत्रमा रहेर साधना गर्ने स्रष्टालाई पुरस्कार प्रदान गर्न प्रतिभा छनोटका लागि सङ्गमकी सदस्य श्री विजया सुवेदीको संयोजकत्वमा गठित रामराज रेग्मी र प्रा.डा. यदुनन्दन उपाध्याय समेत तीन जनाको समितिले सर्वसम्मत सिफारिस गरेअनुरुप करिव तीन दशकभन्दा बढी समयदेखि निरन्तर साहित्य साधना गर्दै आउनुभएका लमजुङका प्रगतिशील साहित्यकार श्री नारायण परिश्रमी



(नारायणबहादुर पण्डित)लाई गण्डकी वाङ्मय पुरस्कार प्रदान गर्ने निर्णय गरेको छ। उक्त पुरस्कार ९४औं गोकुल जयन्तीका दिन यही मिति : २०८०/०२/०८ गते विशेष समारोहका साथ पोखरामा हस्तान्तरण गरिने छ।

आमा पूर्णकुमारी पण्डित क्षेत्री र बाबु बमबहादुर पण्डित क्षेत्रीका छोरा नारायण परिश्रमी (नारायणबहादुर पण्डित) को जन्म मध्यनेपाल नगरपालिका, लमजुङमा २०१०/०७/१२ मा भएको थियो । परिश्रमीका हालसम्म प्रकाशित कृतिहरुमा तीजको कोसेली (तीजका गीतहरुको सङ्कलन, २०५०), परिश्रमीका केही गीतहरु (गीहरुको सङ्ग्रह, २०५१), खोरिया (कविता सङ्ग्रह, २०६०), हुस्सू दलवीरे (गीतिकाव्य, २०६४), जीवनयात्रा (कविता सङ्ग्रह, २०६३), अधुरो गाथा (कविता सङ्ग्रह, २०६३), रुन्चे हाँसो (निबन्ध सङ्ग्रह, २०६५), परिश्रमीका बाह्र रचना (निबन्ध सङ्ग्रह, २०६९), पाखण्डको पर्दाफास (हास्यव्यङ्ग्य सङ्ग्रह, २०७०), आफ्नो सेरोफेरो : आफ्नै परिवेश (समीक्षा सङ्ग्रह, २०७३), शृङ्खला (मुक्तक सङ्ग्रह, २०७५), मान्छे (कविता सङ्ग्रह, २०७६), व्यक्ति, कृति र संस्कृति (लेखहरुको सङ्ग्रह, २०७९) आदि रहेका छन् ।

प्रगतिशील लेखक सङ्घ नेपाल, जनसाहित्यिक मञ्च नेपाल, साहित्य शृङ्खला पोखरा, जनचेतना पुस्तकालय रम्घा, लमजुङ आदि संघसंस्थामा आबद्ध परिश्रमी पोखरेली साहित्यिक गतिविधिमा पनि उत्तिकै सक्रिय हुनुहुन्छ। सङ्गमद्वारा स्थापित गण्डकी वाङ्मय पुरस्कारद्वारा यसपूर्व भेषजराज शर्मा– २०५३, भवानीप्रसाद पाण्डे (भास्कर)- २०५५, दिल साहनी– २०५७), कुलबहादुर के.सी.– २०५९, नुमराज बराल– २०६१, केदार शर्मा ढकाल– २०६३, कुलप्रसाद खनाल– २०६५, देवेन्द्र लम्साल– २०६७, रविलाल अधिकारी– २०६९, पोषराज पौडेल– २०७१, गोपीरमण उपाध्याय–२०७३, रविकिरण निर्जीव– २०७५, चिन्तु गिरी- २०७७ पुरस्कृत हुनुभएको छ । यसै गरी गोकुल वाङ्मय पुरस्कारद्वारा देवीप्रसाद किसान (केवलपुरे)– २०५२, खगेन्द्र सङ्ग्रौला– २०५४, गोविन्द भट्ट– २०५६, श्यामप्रसाद शर्मा– २०५८, रमेश विकल– २०६०, निनु चापागाईँ– २०६२, मोहन वैद्य (चैतन्य)– २०६४, आनन्ददेव भट्ट– २०६६, घनश्याम ढकाल– २०६८, मोदनाथ प्रश्रित– २०७०, हरिहर खनाल– २०७२, जीवन शर्मा– २०७४ र ऋषिराज बराल- २०७८ सम्मानित भइसकेको जानकारी सङ्गमका सचिव नारायण मरासिनीले दिनुभयो।

## पोखरामा...

बाध्य छौँ,'उनले भने,'अघिल्लो पटक बढी मूल्यमा सामान आउँछ, गोदाममा थन्किन्छ, अर्को पटक सस्तोमा आउँछ, अघिल्लो खरिदलाई कालोबजारी भन्न मिल्दैन।' उनले बैक तथा वित्तीय संस्थाहरुले ब्याज वृद्धि गरेर कालोबजारी गरेको तर्क गर्दै त्यहाँ उपभोक्तावादी संघ/संस्थाले अनुगमन गर्नुपर्ने औंल्याए । दर्ता बिना व्यवसाय गर्नेहरुलाई कारवाहीको दायरामा ल्याउनुपर्ने उनको भनाइ थियो।

कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी गुरुदत्त बरालले अनुगगमनको क्रममा प्रशासनले सकेसम्म व्यवसायीहरुलाई दण्डित हैन सम्झाउने गरेको जिकिर गरे। कार्यक्रममा राष्ट्रिय उपभोक्ता मञ्चका केन्द्रीय अध्यक्ष प्रेमलाल महर्जनले हरेक व्यवसायीहरुले आफ्नो कर्तव्य इमान्दारितापूर्वक पालना गरे उपभोक्ता हितको संरक्षण हुने बताए।


डिप्रेसन गम्भीर प्रकृतिको मानसिक रोग हो।

यसका लक्षणहरू:
◆ दु:खी र निराश हुनु, कुनै कुरामा चाख र ध्यान केन्द्रित नहुनु,
◆ निन्द्रा धेरै लाग्नु वा नलाग्नु, थकान महसुस हुनु,
◆ कुनै पनि कुरामा खुशी नहुनु,
◆ जीवन मूल्यहीन ठान्नु र भविष्यप्रति आशावादी नहुनु,
◆ आत्महत्यासम्मको विचार आउनु,

यसबाट बच्न,
◆ परिवार, साथीभाई तथा समाजमा घुलमिल हुने,
◆ नियमित रुपमा शारिरीक अभ्यास, योग तथा ध्यान गर्ने,
◆ निश्चित समयमा सुत्ने र उठ्ने,
◆ स्वस्थ र सन्तुलित खाना खाने,
◆ धुम्रपान र मद्यपानजस्ता कुलतबाट टाढा रहने,
◆ बाबुआमा तथा अभिभावकले बालबालिकालाई समय दिने,
◆ मानसिक समस्या देखिएमा तुरुन्त स्वास्थ्यकर्मीसँग परामर्श गर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड



प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही मिति जेठ २ गते मंगलबार आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस् ।

हाम्रो सेवाहरु :
पाइल्स : कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्वार दुख्ने चिलाउने, सुनिने आदि ।
फिस्टुला : मलद्धारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर : मलद्धारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक : मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु : अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म


माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फोन नं. ५३५१९४, ९८४६०४११३१, ९८०४१७२५३१, ९८५१०१६६९४
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।



कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# सुरिलो स्वरका धनी सरोजगोपाल

**रवीन्द्र माकाजू**

प्रसिद्ध आधुनिक लोकगायक सरोज गोपाल पोखरेलीले बिर्सनै नसक्ने एक कलाकार हुन्। जसले देउराली उकाली चढेर, करोडौं मुटुहरूको जस्ता कालजयी गीत गाएर नेपाली आकाशमा तारा झैं चम्किरहे। जादुमय स्वरका धनी सरोजगोपाल आज हामी माझ छैनन् तर उनले गाएका सयौं मिठास गीतका कारण उनी अजर छन्, अमर छन्।

सरोजगोपालको परिवार नै संगीत वातावरणमा हुर्किएका थिए। पिता चन्द्रमान बज्राचार्य एक कुशल गाएक थिए। जेष्ठ दाजु सूर्यकुमार, माईला दाजु सुवर्ण पनि संगीत क्षेत्रमा सानैदेखि लागेकाले सरोजको मन पनि संगीत तर्फ झुक्यो। माता लक्ष्मीकुमारी उनलाई संगीत तर्फ लाग्न हौसाउँथे।

टोलमा एउटा भजनघर थियो। जुन अहिले पनि छ। त्यहाँ बुढापाकाहरू बिहान पाँच बजेदेखि नै भजन कीर्तन गर्थे। हार्मोनियम, तबला बजाएको र भजन गाएको सुन्न पुग्थे सरोज। उनका दाजु सुवर्णका अनुसार हार्मोनियम र तबला बजाउन मन पर्थ्यो। सरोजलाई बुढापाकाले हार्विन बिग्रन्छ भन्दै छुन दिँदैनथे। बाजा छुन नपाएकाले साथीहरू मिलेर बुढापाका आउनुभन्दा अघि बिहानै चार बजे नै भजनघरमा पुग्थे तर उनलाई बजाउँदा बजाउँदै पाँच बजेको पत्तै भएन। पछि बूढाहरू आएर किन बजाएको भन्दै चुटनुसम्म चुटे। लुकेर हार्मोनियम र तबला सिकेर अग्रजहरूको चुटाइ खाँदाखाँदै उनले सारेगम सरगम सिके। सायद लुकेर नसिकेको भए उनले सारेगम सिक्न पाउने थिएन। तिनै अग्रजहरूलाई उनले अन्तर्मनबाटै गुरु माने।



हार्विन बजाउन सिके पछि विद्यालयका सांस्कृतिक कार्यक्रममा बजाउन र गीत गाउन सुरु गरें सरोजले। माईला सुवर्ण दाइले मुखले बजाउने (माउथ हार्मोनियम) निकै राम्ररी बजाउनु हुन्थ्यो। दाइले बजाएको देख्दा सरोजलाई पनि बजाऊँ बजाऊँ लाग्यो र उनले १८ रुपैयाँमा माउथ हार्मोनियम किनेर घर ल्याए। बजाउनका लागि घोट्दा घोट्दा मुखमा घाउ नै भयो। त्यही हार्मोनियम झोलामा राखेर स्कुल जान्थे सरोज। टुँडिखेल नजिकै साइनिङ अस्पताल थियो। एकदिन स्कुल जाने क्रममा उनी माउथ हार्मोनियम बजाउँदै जाँदा चौतारीमा बसेका एक बटुवाले उनलाई बोलाए। बिरामी लिएर आएका रहेछन्। सरोजको त्यो हार्मोनियम मागेर मिठो सँग बजायो। उसले बजाएको मन परेर सरोजले यही ठाउँमा म दिनदिनै आउँछु मलाई सिकाइदिनु है भन्दा बटुवाले हुन्छ भन्यो। ती अपरिचित व्यक्ति पनि सरोजका गुरु बन्न पुगे।

त्यसबेला विद्यालय, कलेजमा हरेक शुक्रबार सांस्कृतिक, साहित्यिक कार्यक्रम हुने गर्दथ्यो। पोखरा हुँदा होस् या काठमाण्डौमा पढ्दा सरोजले आफ्नो प्रतिभा देखाउन छाडेनन्।

०२८ सालतिर सरोज गोपाल गण्डकी अञ्चलको तर्फबाट सांस्कृतिक प्रतियोगितामा भाग लिन काठमाण्डौ पुगे। उनलाई रेडियो नेपालमा गीत रेकर्ड गर्न लगे संस्कृतिकर्मी चेतन कार्कीले। नातिकाजिले बडो आत्मियतापूर्वक सहयोग गरेको यो दिन थियो ०२८ चैत्र २८ गते। जब देउराली उकाली चढेर गीत रेकर्ड भएर प्रसारण हुन थाल्यो तब सरोजगोपाल लाई सो गीतले फेमस गराईदियो। यो गीतले लोकप्रियता हासिल गरेपछि यसतर्फ झनै हौसिए सरोजगोपाल। उनलाई रेडियो नेपालले प्रतिष्ठित कलाकारको प्रमाणपत्र पनि हातमा थमाईदियो। पछि उनले नक्कलीलाई भगाई लग्यो झिल्केले गीत रकेर्ड गराए। जुन गीत पनि सुपरहिट हुन पुग्यो। उनका करोडौं मुटुहरुको ढुकढुकी नेपाल जस्ता राष्ट्रिय भावनाले ओतपोत भएको गीतले नेपालीहरुको मन जित्यो। सरोजले गण्डकीको गुञ्जन ०४६ मा पुस्तक लेखे। जसमा यहाँका लोक संस्कृतिका बारे चर्चा गरिएको छ। सरोज गोपालले रेडियो नेपालमा ५० भन्दा बढी गीत रेकर्ड गराएका छन्। त्यस्तै ०५० सालमा "भिजेको परेली" नामक एल्वम निकाले।

०४६ सालको जनआन्दोलन पछि मुलुकमा राजनैतिक परिवर्तन भयो। पञ्चायत प्रशिक्षण केन्द्रको जागिर धरापमा पयो। विना पेन्सन, उपदान जागिर छोड्नुपर्ने बाध्यता भयो सरोजलाई। कवि नवराज कार्कीले नेपाल टेलिभिजनका महाप्रबन्धक नीर शाहलाई सरोजका कथा, व्यथा सुनाए। शाहले सरोजको शैक्षिक योग्यता, अनुभव, प्राविधिक दक्षताका आधारमा जागिर दिन राजी भए। सिंहदरबारको रहेको नेपाल टेलिभिजनमा जागिरे हुँदा सरोजले राम्रा राम्रा कार्यक्रम चलाए तर सरोजले परिवार सँग टाढा रहेर काठमाण्डौमा बस्न रुचाएनन्।

त्यसबेला पोखरामा भर्खरै रेडियो भर्खरै रेडियो नेपालको क्षेत्रिय प्रसारण केन्द्र खुलेको थियो। उनले पोखरामा सरुवा मिलाए। केही बर्ष रेडियो नेपाल पोखरा प्रसारण केन्द्रमा प्रमुख भएर जागिर खाए। उनले टेलिभिजनमा होस् या रेडियो नेपालमा जागिर खाँदा नेपाली संगीत कला संस्कृतिको विकासमा मद्दत पुग्ने लोकप्रिय कार्यक्रमहरु संचालन गरे।

त्यसपछि सरोज गोपालले पोखरामा केही मित्रहरुसंग मिलेर माछापुच्छ्रे एफ. एम. सञ्चालन गरेर मेनेजिङ्ग डाइरेक्टरको जिम्मेवारी सम्हाले। उनले ०६४ साल जेष्ठ ३० गते आफ्ना सहकर्मी बाबा राणासँग मिलेर सरोज गोपाल/बाबा राणा युगल साँझ २०६४ सम्पन्न गरे।

सरोज गोपालका गीतका बारे डा. कुशुमाकर न्यौपाने भन्दछन्– जब हामी रेडियोमा सरोज गोपालका गीत सुन्थ्यौं त्यही नै झमझम नाच्ने गर्दथ्यौं। उनका मिठा लठ्याउने स्वरले हामी जहाँ भए पनि नाच्दथ्यौं।

सरोज गोपालले धार्मिक क्षेत्रमा पनि महत्वपूर्ण सहयोग गरेका छन्। उनले धर्मचक्षु (०७० भाद्र अंक) मा लेखेका छन्– पोखराका नेवार समुदायद्वारा प्रस्तुत गरिने "रामायण" प्रदर्शनमा त्यतिखेर उहाँले नै रामायणमा गाईने भजन (दिवंगत व्यक्तिहरुको जीवनगाथा), गाउँदै बजार परिक्रमा गरिन्थ्यो।

यति मात्र हैन ज्ञानमाला भजन र विभिन्न बुद्ध भजनहरु पनि मैले प्रज्ञारत्नबाट सिकेको हुँ। नदीपुर विहारका अनगारिका धर्मशीला (जो मेरी मितिनी आमा पनि हुनुहुन्थ्यो) उहाँ हुँदा २-३ पटक बुद्ध जयन्तीको पावन दिनमा बुद्ध भजन गाएर नगर परिक्रमा पनि गरेको छु। पोखरामा प्रदर्शन गरिने रामायण बारेपनि मैले उहाँबाट दोहा गाउने लगायत थुप्रै कुराहरु सिकेको छु। तीसको दशकमा पोखरामा नेवार समुदायबाट प्रदर्शन गरिएको प्रायः सबै "रामायण" प्रस्तुतिको जिम्मा मैले लिनु पर्दथ्यो।

सरोजले यहाँका नेवार समुदायलाई अविस्मरणीय गुण लगाउनुभएको छ। आफूले जानेको र सिकेको कला र विद्यालाई आफूभन्दा कनिष्टहरुलाई सिकाउने काममा कहिल्यै कन्जुस्याईं गरेनन्। यसरी संगीतको क्षेत्रमा आफूलाई समर्पण गर्दै सरोजले ०७१ साल श्रावण २९ गते यस धर्तीबाट सदा सदाका लागि अस्ताए। तर उनले छोडेका कालजयी गीतका कारण पोखरेलीका मनमस्तिष्कमा बस्न सफल भए।

# पर्यटकीय स्थल मनास्लु संरक्षण क्षेत्रमा भुस्याहा कुकुरको बिगबिगी

**प्रेम बहादुर आले**
गोरखा, २९ बैशाख

गोरखा जिल्लाको उत्तरी भेगमा पर्ने चुम नुब्री गाउँपालिका अन्तरगत रहेको मनास्लु संरक्षण क्षेत्रमा भ्रमणका लागि गएका पर्यटकहरुलाई कुकुरले आक्रमण गर्ने गरेको छ।कुकुरको आक्रमणवाट पर्यटकहरु घाइते समेत हुने गरेका छन्।

मनास्लु क्षेत्र भ्रमणमा गएका विदेशी पर्यटकलाई कुकुरले आक्रमण गरी घाइते बनाएको छ। लार्केपासका लागि गएका बेला अस्ट्रेलियन नागरिक ३३ बर्षकी क्रिस्टेन लुइस विल्सनलाई कुकुरले आक्रमण गरी खुट्टा र टाउकोमा चोट पुर्याएको जिल्ला प्रहरी कार्यालय गोरखाले जनाएको छ। कुकुरको टोकाइ बाट घाइते भएका उनलाई हेलिकोप्टर चार्टर गरी उपचारका लागि काठमाडौँ लगिएको प्रहरी स्रोतबाट जानकारी प्राप्त भएको छ। चुम नुब्री गाउँपालिका वडा नं. १ का वडा अध्यक्ष कर्मा छेवाङ लामाका अनुसार यस भन्दा अघि पनि दुईजना पर्यटकलाई गाउँका भुस्याहा कुकुरले आक्रमण गरिसकेको छ।लामाले भने 'गाउँमा भुस्याहा कुकुरको बिगबिगी छ हिउँ पर्दा भागेर गाउँतिर आएका कस्तुरीहरुलाई मार्छ, कहिले पर्यटकलाई टोकेर हैरान पार्छ। गाउँका भुस्याहा कुकुरले हैरान पारेको छ।'

भुस्याहा कुकुर नियन्त्रण र व्यवस्थापनका लागि विभिन्न निकायहरुलाई भन्दा पनि कुनै पनि निकायले वास्ता नगरेको सम्बन्धी स्थानीय पर्यटन व्यवसायीको गुनासो रहेको छ। दुई महिनाअघि भुस्याहा कुकुरले कस्तुरी मृगजस्ता महत्वपूर्ण वन्यजन्तुलाई आक्रमण गरी मारेको र त्यस सम्बन्धी जानकारी जिल्ला प्रशासन कार्यालयलाई दिएको समेत स्थानीय पर्यटन व्यवसायीले बताए।

मनास्लु संरक्षण क्षेत्र आयोजनाका प्रमुख सन्तोष शेरचनले वन्यजन्तुको संरक्षण गर्ने जिम्मेवारी आफुहरुको भएता पनि घरपालुवा जनावर नियन्त्रण र व्यवस्थापन गर्ने कार्य आफूहरुको नभएको तर घरपालुवा जनावरको व्यवस्थापनका लागि भने सहयोग चाहिँ गर्न सक्ने बताउदै उनले मुख्य जिम्मेवारी भेटेरीनरी अस्पताल तथा पशु विज्ञकेन्द्रको भएको बताएका छन्। त्यसरी नै पशु विज्ञ केन्द्रले जिम्मेवारी आफुहरुको भएको तर यस आ.व. मा सो कार्यक्रमका लागि बजेट सक्किएको केन्द्रका प्रमुख डाक्टर सर्मिला कुमालले बताए। कुमालले यदि पालिकाले बजेट तथा कार्यक्रम बनाएको खण्डमा आफुहरुले प्राविधिक सहयोग चाहिँ गर्न सकिने बताए।

गाउँपालिकाले भने गाउँका कतिपय समस्या स्थानीयस्तरमै समाधान गर्नुपर्ने जोड दिएको छ। सबै काममा सरकारको मुख मात्र ताक्नु नहुने कुरा पालिकाले बताए। आ-आफनो घरको कुकुरलाई आ-आफूले जसरी हुन्छ त्यसरी व्यवस्थापन गर्न सकिने समेत पनि बताए।

# खेतबारीमा गोठेमलको प्रयोग बढ्दै

**पोखरापत्र संवाददाता**
म्याग्दी, २९ बैशाख

अहिले म्याग्दीमा मकै गोड्ने, मल बोक्ने र धानको बीउ राख्ने समय छ। कृषकहरु खेतबारीमा मल बोक्ने, मकै गोड्ने र धानको बीउ राख्ने काममा व्यस्त छन्।

खेतबारीका गह्रा जता हेऱ्यो, त्यतै गोठे मलले भरिभराउ छन्। कुनै ठाउँमा मकै लगाउने काम सकिएको छ भने कुनै ठाउँमा मकै छर्ने तयारी हुँदैछ। किसान मलबोक्नमा व्यस्त छन्। प्राङ्गारिक मलको महत्व बुझ्न थालेपछि किसान अहिले गोठे मलको प्रयोग गर्न थालेका छन्। यसले उत्पादन पनि बढाएको छ भने माटो पनि सुधारेको छ।

गत वर्षदेखि किसानले खेतबारीमा रासायनिक मलको प्रयोग कम गर्दै गएका मङ्गला गाउँपालिकाका कृषि प्राविधिक जगत बानियाँले बताउनुभयो। बजारबाट ल्याइने रासायिकन मलको सट्टा गोठे मलको प्रयोग बढ्दै जाँदा माटोको अम्लियपना पनि कम हुँदै गएको उहाँले बताउनुभयो।

म्याग्दीका सबै गाउँका बासिन्दा खेतीपाती गर्छन्। गाउँका सबैका घरमा भैंसी, गाई, बाख्रा छन्। गाई बस्तुबाट उत्पादन हुने गोठे मल सङ्कलन गरेर किसानले गोठे मलकै प्रयोग गर्ने गर्दछन्। बेनी नगरपालिका-४ सिंगाका कृषक नारायण पौडेलले तरकारी खेती गर्न थालेको पाँच वर्ष भयो। उहाँ सुरु सुरुमा एउटै जमिनमा छोटो समयमै पटक-पटक उत्पादन लिन रासायनिक मल प्रयोग गर्नुहुन्थ्यो। गोठे मल अर्थात् प्राङ्गारिक मलको महत्व बुझ्न थालेपछि कृषक पौडेलले गोठे मल नै खेतमा प्रयोग गर्नुहुन्छ। यसले आम्दानी पनि बढाएको र माटो पनि मलिलो भएको उहाँले बताउनुभयो। म्याग्दीका किसान गोठे मल खेतमा लगाएर जैविक तरकारी तथा खाद्यान्न उत्पादनतर्फ लागेका अगुवा कृषक चन्द्रबहादुर कार्कीले बताउनुभयो। प्राङगारिकभन्दा रासायनिक मलले दिने नतिजा बढी भए पनि अहिले किसान गोठे मलतर्फ आकर्षित भएको कृषि प्राविधिकको भनाइ छ।

खेतबारीमा धेरै रासायनिक मल प्रयोग गर्दा माटोको उर्वरा शक्तिमा ह्रास आउने, अम्लीयपना ज्यादा हुने जस्ता समस्या देखापर्ने कृषि विज्ञ बताउँछन्। बिस्तारै खेतबारीमा प्राङ्गारिक मलको प्रयोगले माटोको उर्बराशक्ति पनि बढ्दै गएको र बालीलाई फाइदा गरेको कृषि प्राविधिक निता शर्माले बताउनुभयो। नेपालमा रासायनिक मलको प्रयोगले उर्बराशक्ति घटेको नदेखाए पनि ठाउँ-ठाउँमा माटोको गुणस्तर तथा माटोमा चाहिने पौष्टिक तत्वको कमी भएको देखाएको माटो विज्ञान अनुसन्धान केन्द्रको तथ्याङ्क छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शारीरिक झमेला |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : झमेला बड्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मानसिक तनाब | मीन | : मन चञ्चल |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# सडक अलपत्र पार्ने निर्माण व्यवसायीसँग स्पष्टीकरण माग

**पोखरापत्र संवाददाता**
पर्वत, २९ बैशाख

लामो समयसम्म सडक आयोजना अलपत्र पार्ने निर्माण व्यवसायीसँग स्पष्टीकरण माग गरिएको छ।

पर्वतको जलजला गाउँपालिका-७ मा निर्माणाधीन मिलनचोक-सल्यान-ठोटनेरी सडक अलपत्र पार्ने ठेकेदारलाई पूर्वाधार विकास कार्यालयले बिहीवार सूचना प्रकाशन गरी एक साताभित्र स्पष्टीकरण दिन निर्देशन दिएको हो। योजना सम्पन्न गर्न सम्झौता गरेको ठेकेदार कम्पनी हिमदुङ एण्ड थोकर निर्माण सेवालाई सार्वजनिक सूचनामार्फत स्पष्टीकरण माग गरिएको कार्यालय प्रमुख कृष्ण आचार्यले जानकारी दिनुभयो।

उक्त सडकमा गण्डकी प्रदेश सरकारले चार वर्षअघि नमूना सडक कार्यक्रमअन्तर्गत स्तोरन्नतिसहित कालोपत्रे गर्ने योजना अघि सारेको थियो। पटक पटक योजना सम्पन्न गर्न म्याद थप भएता पनि हालको मितिसम्म लिखित, मौखिक तथा फोन सम्पर्क गर्दा निर्माण कम्पनीबाट कुनै प्रतिक्रिया नआएको र कार्य प्रगति सन्तोषजनक नभएपछि कार्यालयको ध्यानाकर्षण भएको सूचनामा उल्लेख गरिएको छ।

उक्त सूचना भनिएको छ, 'ठेक्का सम्झौता शर्त बमोजिम कार्य सम्पादन जमानत रकम तथा अग्रिम बैंक जमानत रकम जफत गरी सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ को उपदफा ७ बमोजिम र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२८ मा भएको प्रावधान बमोजिम कालो सूचीमा राख्नेसम्बन्धी कारबाही अगाडि किन नबढाउने ?'

उक्त योजना जलजला गाउँपालिकाका पूर्वअध्यक्ष यामबहादुर मल्ल(रामकृष्ण)ले पेटी ठेक्का संझौता गर्नुभएको थियो। गाउँपालिकाका अध्यक्ष भइसकेका व्यक्तिले योजना अलपत्र पारेको भन्दै स्थानीयवासी दुई महिना अघि ठेकेदारको फोटोसहित विरोध प्रदर्शनमा उत्रिएका थिए। योजना अलपत्र पारेर ठेकेदार बेपत्ता भएको उनीहरूको गुनासो थियो। समयमै सडक योजना सम्पन्न नहुँदा सर्वसाधरणहरूले जोखिमपूर्ण यात्रा गर्नुपरेको र यहाँका बासिन्दाको घर, खाने पानी, विद्यालय पहिरोको जोखिममा परेको स्थानीयवासी दिपक आचार्यको भनाइ थियो। सडक अधुरो हुँदा आवत जावतमा सास्ती, दुर्घटनाको जोखिम, पहिरो र भूक्षयको समस्या बढेको उहाँको गुनासो थियो।

हाल नुवाकोटको क्षेत्र (ख) बाट निर्वाचित नेपाली कांग्रेसको बागमती प्रदेशसभाको संसदीय दलको नेतासमेत रहनुभएका बहादुरशिंह लामा सञ्चालक रहेको सो कम्पनीले दुई वर्षभित्र निर्माण सक्नेगरी २०७६ मंसिर ६ गते रु २८ करोड १३ लाखमा १० किलोमिटर सडक निर्माणका लागि पूर्वाधार विकास कार्यालयसँग ठेक्का सम्झौता गरेको थियो।

पाँच मिटर २५ सेन्टिमिटर चौडाइमा डिबिएसटी कालोपत्रे हुने सडकमा कतिपयक काम सम्पन्न भएर मिलन चोकदेखि सल्यान खण्डमा ग्राभेल गरेर कालोपत्रको तयारी गरिए पनि वर्षात्का समयमा आएको बाढी र पहिराले बगाएर लगेको थियो।


## सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८०/०१/३०)**

**उपरोक्त सम्बन्धमा गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं. १७ मा कृषि क्षेत्र बिस्तारका निमित्त जग्गा ब्यबस्थापन कार्य सम्बन्धी संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन उपर प्रस्तावित आयोजना स्थलमा मिति २०८०/०२/०१ गते सोमबारको दिन बिहान ८:३० बजे सरोकारवालाहरुको उपस्तिथीमा सार्वजनिक सुनुवाई कार्यक्रम हुन गइरहेको हुँदा उपस्थीतिको लागि हार्दिक अनुरोध गर्दछु।**

# पर्यटकको रोजाइमा बागलुङको बराह ताल

**-डम्मर बुढामगर**
बागलुङ, २९ बैशाख (रासस)

वरपर जङ्गल र बस्ती । बीचमा छ बराह ताल । शान्त वातावरण, स्वच्छ हावापानी र चिरबिर चराचुरुङ्गीको आवाजले धेरैको मन फुरुङ्ग हुन्छ । बागलुङ नगरपालिका-१० भकुन्डेमा पर्ने बराह ताल प्राकृतिक सुन्दरताले भरिपूर्ण छ ।

एक हजार तीन सय २६ मिटरको उचाइमा रहेको बराह ताल जिल्ला सदरमुकाम बागलुङ बजारबाट सबैभन्दा नजिकको ताल हो । ताल बजार नजिक हुँदा आन्तरिक पर्यटकको रोजाइमा परेको छ । दिनप्रतिदिन यहाँ घुम्न पुग्नेको सङ्ख्या बढिरहेको छ ।

गाडी र पैदल सहजै पुग्न सकिने हुँदा बराह तालप्रति आन्तरिक पर्यटक आकर्षित हुने गरेका छन् । काललाई थप व्यवस्थित गरेपछि यसको सुन्दरता बढेको पाइन्छ । बागलुङ बजारबाट गाडीमा आधा घण्टा र पैदलयात्रामार्फत करिब साढे एक घण्टामा बराह ताल पुग्न सकिन्छ । तालका बीचमा रहेका रुखले पर्यटकलाई थप आकर्षित गरेको छ । गोलाकार आकारमा रहेको ताल करिब सात रोपनी क्षेत्रफलमा फैलिएको छ । पहिले अव्यवस्थित रहेको ताल अहिले व्यवस्थित बनेको छ ।

ताल वरपर मन्दिर निर्माण गरिनुका साथै घेरा गरिएको छ । पछिल्लो समय बराह तालमा घुम्न आउने पर्यटकको सङ्ख्यामा वृद्धि हुँदै गएको स्थानीय सोमबहादुर थापामगरले बताउनुभयो । उहाँका अनुसार बिदाका दिन अझ बढी पर्यटकको भीडभाड हुने गरेको छ ।

बराह ताल धेरै पहिलेदेखि चर्चित भए पनि विभिन्न पूर्वाधार बनेपछि पछिल्लो समय पर्यटक बढी आउने गरेको थापामगर बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "बराह ताल पहिले अलि फरक थियो, अहिलेको जस्तो व्यवस्थित थिएन, यसको व्यवस्थापन गरेपछि अहिले धेरै राम्रो बनेको छ, पहिले अहिलेको जस्तो गोलाकार थिएन, अहिले घेराबार लगाएर गोलाकार आकारको बनाइएको छ, पहिलेको तुलनामा अहिले घुमफिर गने मान्छे बढेर होला यहाँ आउनेको सङ्ख्या पनि बढेको पाइएको छ, प्रचार पनि हुँदै गएको छ ।"

बराह तालको गहिराइ अहिलेसम्म कति छ भन्ने पत्ता नलागेको थापामगरको भनाइ छ । पछिल्लो समय फोटो, भिडियो खिच्ने र सामाजिक सञ्जालमा पोस्ट्याउने गर्दा प्रचार-प्रसारमा व्यापक बनेको थापामगरले बताउनुभयो । बराह तालमा हरेक जेठको पूर्णिमा र कार्तिक पूर्णिमामा ठूलो मेला लाग्ने गर्छ । मेला अवलोकनका लागि बागलुङका विभिन्न स्थानसहित पर्वत, म्याग्दी, कास्कीलगायतका ठाउँबाट पर्यटक घुम्न आउने गर्छन् ।

बराह ताल नजिकै रहेको मन्दिरमा पूजाआजा गर्दा मनोकाङ्क्षा पूरा हुने जनविश्वास छ । तालको प्रचार-प्रसारमा तीव्रता दिएसँगै पर्यटक बढ्दै गएको बागलुङ नगरपालिका-१० भकुण्डेका अध्यक्ष तिलबहादुर थापामगरले बताउनुभयो । उहाँले बराह ताल नजिकै 'पिकनिक स्पट' रहेको हुँदा बिदाका दिन विभिन्न सङ्घसंस्था, विद्यार्थी, व्यापारी रमाइलोका लागि आउने गरेको बताउनुभयो । काललाई थप व्यवस्थापन गर्नका लागि नगरपालिकाबाट पहल भइरहेको अध्यक्ष थापामगर बताउनुहुन्छ ।

"जिल्लामै सबैभन्दा राम्रो तालका रूपमा रहेको छ यो बराह ताल, अरु ठाउँका ताल पनि देखियो तर योजस्तो व्यवस्थित छैनन्, बागलुङ बजार नजिकै रहेको भएर पनि होला बेला-बेला विदेशी पर्यटक पनि आउने गर्छन्", अध्यक्ष थापामगरले भन्नुभयो, "तालसम्म आउने सडकको अवस्था अलि कमजोर छ, यसलाई थप व्यवस्थित बनाउनुपर्ने छ, यो सडक व्यवस्थित भयो भने यहाँ आउने पर्यटकको सङ्ख्या दोब्बरले बढ्ने देखिन्छ, हामीहरू ताल व्यवस्थापनका लागि योजना बनाइरहेका छौँ ।" ताल घुम्न पुग्ने पर्यटकले यहाँको लोकल परिकार पनि चाख्न पाउँछन् । ताल वरपर नै घरबास (होमस्टे) सञ्चालनमा रहेको हुँदा बराह ताल पुग्ने पाहुनालाई बास बस्न र खानाको समस्या हुँदैन । बराह ताल क्षेत्रबाट उच्च पहाडी क्षेत्रसँगै एकैपटक धवलागिरि, माछापुच्छ्रे, अन्नपूर्णलगायत २२ वटा हिमशृङ्खालाको अवलोकन गर्न सकिन्छ । भकुण्डे पुग्ने पर्यटकलाई स्थानीय उत्पादनबाट बनेका परिकार खुवाउने गरेको अतिथि सत्कार सामुदायिक होमस्टेकी उपाध्यक्ष इन्द्रा थापामगरले बताउनुभयो ।

उहाँले पाहुनालाई लक्षित गरी गाउँमा घरबास पनि व्यवस्थित बनाइएको बताउनुभयो । घरबास लामो समयदेखि सञ्चालनमा रहेको भन्दै घुम्न आउने पर्यटकलाई खाना र बस्नको समस्या नहुने उहाँको भनाइ छ । पाहुनालाई सिन्कीको अचार, कोदोको रोटी ढिडो, लोकल कुखुरालगायतका परिकार खान दिने गरेको थापामगरले बताउनुभयो । रहेक वर्ष विदेशी पर्यटक पनि आइराखेको उहाँ बताउनुहुन्छ ।

थापामगर भन्नुहुन्छ, "कोरोना आउनुभन्दा पहिले पर्यटक धेरै आउँथे, बीचमा केही कम भएको थियो, अहिले फेरि बढ्न थालेको छ, बराह तालमा दैनिकजसो आन्तरिक पर्यटक आउने गरेका छन्, त्यहाँ आउने पर्यटक हाम्रो होमस्टेमा पनि आउने गरेका छन्, पाहुनाका सुविधाका लागि नेटलगायतका सेवा थप गरेका छौँ, पहिलेभन्दा व्यवस्थित हुँदै गएका छौँ ।"

# प्रसिद्ध छाब्दीवाराही मन्दिरको पुन:निर्माण

**पोखरापत्र संवाददाता**
तनहुँ, २९ बैशाख

तनहुँको व्यास नगरपालिका-१४ स्थित प्रसिद्ध छाब्दीवाराही मन्दिरको पुनःनिर्माण सुरु भएको छ । छाब्दीवाराही विकास कोषले मन्दिरको पुनःनिर्माण गर्न लागेको हो ।

नयाँ संरचनास्वरुप सहितको मन्दिर र तामाको छानो छाउन काम सुरु भएको विकास कोषका अध्यक्ष प्रेमबहादुर थापाले जानकारी दिनुभयो । गण्डकी प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयबाट मन्दिरको छानो तामाले छाउनका लागि रु १५ लाख बजेट विनियोजन गरिएको छ । सोही बजेटबाट काम सुरु भएको थापाले बताउनुभयो ।

"कोषको सक्रियतामा मन्दिरलाई नयाँ संरचनामा निर्माण गर्न लागिएको छ, नयाँ संरचनासहितको मन्दिर र तामाको छानो छाउनका लागि रु ८० लाख बजेट अनुमान गरिएको छ", थापाले भन्नुभयो । मन्दिरको पुनःसंरचना गरेपछि थप आकर्षण देखिने उहाँको दाबी छ । मन्दिरमा तीन जना मगर जातिका पुजारी छन् । यहाँ साउन, एकादशी र औँशीबाहेकका दिनमा बलि चढाइने गरिन्छ । मन्दिरमा पूजाआजा गरेर मनले चिताएको पूरा हुने धार्मिक विश्वास रहँदै आएको छ । यहाँ तनहुँसहित छिमेकी जिल्ला कास्की, गोरखा, लमजुङबाट भक्तजन आउने गरेका छन् । दमौली बजारदेखि सात किलोमिटर दूरीमा अवस्थित छाब्दीवाराही मन्दिर पुग्नका लागि कालोपत्र सडकको व्यवस्था छ । गत वर्षमात्रै सडक कालोपत्र भएको थियो । मन्दिरमा शनिबार र बिदाको दिन भक्तजनको अत्याधिक भीड हुने स्थानीय हिमबहादुर रानाभाटले जानकारी दिनुभयो । मन्दिरमा हाँस, परेवा, बोका, राँगाको बलि दिइने गरिन्छ । छाब्दीवाराही मन्दिर परिसरमा पुरानो छाब्दीवाराही मन्दिर, माछाको मुखको धारा, पोखरीमा माछा, पोखरीका बीचमा मस्त्यगन्धाको मूर्ति आकर्षणका रुपमा रहेका छन् । मन्दिरको संरक्षण, वातावरणमैत्री भौतिक पूर्वाधार विकास, धार्मिक तथा ग्रामीण कृषि पर्यटन विकास एवं प्रवर्द्धन गर्ने उद्देश्यसहित मन्दिरको गुरुयोजना निर्माण गरिएको छ । गुरुयोजनामा धार्मिक तथा सांस्कृतिक सम्पदा, भौतिक अवस्था र जैविक विविधताको संरक्षणसम्बन्धी सचेतना अभिवृद्धि, मन्दिर परिसरको सौन्दर्यकरण तथा फोहरमैला व्यवस्थापन सम्बन्धमा आवश्यक प्रवर्द्धनात्मक कार्यक्रम गर्ने प्रस्ताव गरिएको छ । मन्दिर क्षेत्रमा एकीकृत धार्मिक तथा ग्रामीण कृषि पर्यटन, वातावरणमैत्री भौतिक पूर्वाधार निर्माण, मन्दिर क्षेत्रको भौतिक अवस्था, प्राकृतिक वातावरण एवं माछालगायतका जैविक विविधताको संरक्षण र व्यवस्थापन गर्नेलगायतका कार्यक्रम गुरुयोजनामा प्रस्ताव गरिएको छ ।

गुरुयोजनामा छाब्दीवाराही मन्दिर क्षेत्र संरक्षण, विकास तथा व्यवस्थापन गुरुयोजनाको कार्यान्वयनका लागि सात उद्देश्य, २३ रणनीति र ९४ कार्यक्रम प्रस्ताव गरिएको जनाइएको छ । मन्दिर वरपरको ६२ रोपनी जग्गामा पैदलमार्गमा ढुङ्गा बिछ्याउने, वराह खोलामाथि कल्भर्ट निर्माण, वातावरणमैत्री विश्रामस्थल, नागबेली आकारमा पानी बग्ने प्राकृतिक कुलो निर्माण गर्ने प्रस्ताव गुरुयोजनामा समेटिएको छ ।

# तनहुँमा १२ सिँचाइ योजना निर्माण गरिँदै

**पोखरापत्र संवाददाता**
तनहुँ, २९ बैशाख

जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय तनहुँमार्फत जिल्लाका १२ योजनाका लागि स्रोत सुनिश्चितता गरी निर्माणकार्य अघि बढाइएको छ । ती योजना निर्माण गर्नका लागि कुल रु २८ करोड ५९ लाखको सम्झौता गरिएको छ ।

आयोजनाका लागि चालु आर्थिक वर्षमा रु छ करोड २० लाख बजेट विनियोजन गरिएको छ । सङ्घको विशेष अनुदान र गण्डकी प्रदेश सरकारले योजना सम्पन्न गर्न बजेट विनियोजन गरेको जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयका डिभिजन प्रमुख रमेशराज शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार दुई ठूला आयोजनामा सङ्घ विशेष अनुदानमा मादी नदी नियन्त्रण र गण्डकी प्रदेशको बजेटमा मादी नदी नियन्त्रण कार्यक्रम रहेको छ । सङ्घ सरकारबाट मादी नदी नियन्त्रणमा रु १७ करोड ९८ लाख र गण्डकी प्रदेशबाट रु दुई करोड ६६ लाखमा सम्झौता भएको छ ।

चालू आवमा क्रमशः रु चार करोड ५० लाख र रु २० लाख बजेट विनियोजन भएको छ । ती आयोजनाको क्रमशः २०७९ फागुन ९ र २०७९ जेठ ६ गते सम्झौता भई क्रमशः २०८१ भदौ ८ र २०८० जेठभित्र सम्पन्न गर्ने योजना छ ।

त्यसैगरी डुम्रेबैंसी सिँचाइ योजनामा रु तीन करोड ८१ लाख, पहाड खोला बस्ती संरक्षण कार्यका लागि रु एक करोड ८५ लाख, छाब्दीफाँट सिँचाइ योजनामा रु ७३ लाख, सेराफाँट सिँचाइ योजनामा रु ६३ लाख, कोल्पाटा लिफ्ट सिँचाइ योजानमा रु ५२ लाख र तालेफाँट सिँचाइ योजनामा रु ४० लाखमा ठेक्का सम्झौता भई काम सुरु गरिएको छ ।

त्यसैगरी अर्चले गाउँ र बिलौनी गाउँ पहिरो नियन्त्रण, मादीखोला ठूलो कुलो सिँचाइ र साँघेखोला डुम्रे सुपरी तटबन्धन कार्यका लागि चालु आवमा रु १० लाखका दरले बजेट विनियोजन गरी निर्माण भइरहेको कार्यालयका सूचना अधिकारी जगन्नाथ चापागाईँले जानकारी दिनुभयो । उक्त योजना २०७७ साउन २८ गते ठेक्का सम्झौता भई २०८१ भदौ ८ गतेसम्म सम्पन्न गर्ने योजना छ ।

# केलादीधाममा पर्यटक बढ्दै

**रासस**
रामपुर, २९ बैशाख

कालीगण्डकी नदीको तटमा अवस्थित केलादीधाम धार्मिक तथा पर्यटकीय गन्तव्यस्थलका रुपमा विकास हुँदै गएको छ । स्याङ्जा, पाल्पा, तनहुँ र नवलपुर (नवलपरासी सुस्तापूर्व)लाई जोडेको यस धामले सबैलाई लोभ्याएको छ ।

निम्वार्क वैष्णव सम्प्रदायको केन्द्रीय पीठको कार्यालय रहेकाले पनि विभिन्न जिल्लाबाट दर्शन गर्न आउने गरेका छन् । केलादीधामको दर्शन गर्न नसके पनि नाम उच्चारण गरेपनि पुण्य मिल्ने जनविश्वास छ । मुक्तिनाथबाट उत्पत्ति भई बगेको कालीगण्डकी नदीको किनारमा अवस्थित रहेकाले विशेषगरी हिन्दु धर्म संस्कारका कार्यका लागि यो क्षेत्र धार्मिक पर्यटकीय गन्तव्यस्थल बनेको छ । मन्दिर पुनःनिर्माण, ज्येष्ठ नागरिक भवन निर्माण, महन्त निवास, भान्छाघर, खानेपानी ट्याङ्की निर्माण लगायतका पूर्वाधार विकास भइरहेकाले पछिल्लो समय धार्मिक पर्यटक बढ्दै गएको राधा दामोदर नेपाल निम्वार्क पीठ केलादीधाम संरक्षण समितिका सचिव घनश्याम खनालले बताउनुभयो ।

"केलादीधाम क्षेत्रलाई देवघाटधाम जस्तै बनाउने संकल्पका साथ भौतिक संरचना तयार पारेपछि पछिल्लो समय हरेक उमेर समूहका नागरिक दर्शन गर्न आउने क्रम बाक्लिदै गएको छ", उहाँले भन्नुभयो, "पहिला काम विशेषले मात्रै आउने नागरिक हिजो आज घुमफिर, अवलोकनका निम्ति आउने गरेको पाइएको छ ।" शनिबार र बिदाका दिन अवलोकन गर्न आउनेको चहलपहल बढ्दो रहेको उहाँ बताउनुहुन्छ । उहाँका अनुसार कालीनदीको धार्मिक तथा ऐतिहासिक महत्वसँग जोडिएको हुँदा यहाँ केलादीधामका बारेमा चासो राख्दै अध्ययन अवलोकनका लागि आउने गरेको पाइएको छ । सडक सुबिधाले अहिले देशका विभिन्न स्थानबाट धार्मिक अवलोकन भ्रमणमा सवारी साधनमा धार्मिक पर्यटक आउन थालेका छन् । बस, कार, भ्यान, जीप मन्दिरसम्म पुग्ने सुविधा भएपछि गाडी रिजर्भ गरेर कालीगण्डकी नदी स्नान गरी केलादीधाम दर्शन गरेर फर्कने गरेको पाइएको छ । पहिला हिँडेर बास बसेर दर्शन गर्न आउने गरेकोमा अहिले सडक सुविधाले सवारी साधनमा आएर फर्कने गरेका छन् । यहाँ गौशाला, ज्येष्ठ नागरिकको बसोबासका लागि ज्येष्ठ नागरिक आश्रम सञ्चालित छ । आश्रममा हाल २२ ज्येष्ठ नागरिक हुनुहुन्छ । विसं २०१० मा निर्माण भएका पुराना कुटीहरू (ज्येष्ठ नागरिक बस्ने घर) अझै पनि भेटिन्छन् । आश्रममा चार दशकदेखि आश्रयस्थल बनाएर बसोबास गर्दै आइरहेको ८० वर्षीय श्यामदासी सिग्देलले बताउनुभयो । तनहुँको किहुँ घर बताउने उहाँ श्रीमान्‌को मृत्यु पश्चात् केलादी आएर बसोबास गरिरहनुभएको छ ।

१३ वर्षको उमेरमा विवाह बन्धनमा बाँधिनुभएकी सिग्देल १५ वर्षको उमेरमा श्रीमान्‌को मृत्यु भएपछि केलादीधामलाई आश्रयस्थलका रुपमा लिनुभएको छ । "सानै उमेरमा बिहान बन्धनमा बाँधियो, श्रीमान्‌को मृत्यु भएपछि एक्लो जीवन जीउन सकिएन", उहाँले भन्नुभयो, "श्रीमान् नभएपछि आफन्त छरछिमेक सबैबाट अपहेलित भइयो, आश्रममा आएर बस्न थालेपछि कसैको अपहेलना सहनु परेको छैन" । उहाँले सरकारले उपलब्ध गराएको ज्येष्ठ नागरिक भत्ताबाट आफ्नो जीविकोपार्जन गरिरहनुभएको छ । मन्दिरको आश्रममा आफैले पकाएर खाना खाने गर्नुहुन्छ । उहाँहरू जस्ता विभिन्न ठाउँका ज्येष्ठ नागरिकले आश्रयस्थल बनाएर वर्षौंदेखि बसिरहेका छन् । जीवनको अन्तिम समय नै यही बिताउने संकल्पका साथ मन्दिरको पूजाआजा, भजनकृतनमा सहभागी भएर जीवन व्यतित गरिरहेको पाइन्छ ।

ज्येष्ठ नागरिक आश्रममा बस्न थालेपछि एक्लोपनको महसुस नभएको बताउनुहुन्छ, ९१ वर्षीय गोपालदासी । मन्दिरमा भजनकृतनमा सहभागी हुँदा समय बिताउन सजिलो भएको उहाँले अनुभव सुनाउनुभयो । बिहे गरेको एक वर्षमा नै श्रीमान् बितेपछि साहाराविहीन हुनुभएकी उहाँ बाँकी जीवन बिताउन केलादीधाम आश्रममा आउनुभएको हो । यस क्षेत्रमा करिब चार दशकदेखिक आश्रय लिएर बसिरहनुभएको छ ।

"खाने उपचार खर्च आफैँले जुटाए पनि बास बस्ने सुविधा पाउँदा हामी असाध्यै खुसी छौँ, कसैको दुर्व्यवहार सहनु परेको छैन, हामीजस्ता साहाराविहीनका लागि यसरी बस्ने आश्रम पाउँदा धेरै सजिलो भएको छ, घरमा छोराछोरी भएर पनि हेरेनन् भनेपनि यही आएर बस्न पाइने व्यवस्था छ", उहाँले भन्नुभयो । ज्येष्ठ नागरिक भत्ता बुझेको रकमले यहाँ बसोबास गने नागरिकले बिहान साँझको जोहो गरिरहेका छन् । पहिला यहाँ एक सय २० कुटी (ज्येष्ठ नागरिक बस्ने घर) थिए । यस कुटीमा १५० ज्येष्ठ नागरिकले केलादीधाम क्षेत्रलाई बासस्थान बनाएर बसोबास गने गरेको बुढापाका बताउँछन् । दुई दशकअघिसम्म यहाँ बसोबास गने ज्येष्ठ नागरिकको ठूलो सङ्ख्या हुन्थ्यो ।

पहिलाको तुलनामा आश्रममा बसोबास गर्ने अहिले घटेका छन् । प्राचीन पूर्वीय धर्मग्रन्थमा पनि यसको महिमा र गरिमा वर्णन गरिएको छ । शालिग्राम पाइने विश्वको एक मात्र नदी कालीगण्डकीको किनारमा रहेको यो स्थानमा पुगेपछि मनको बोझ हट्ने र शान्ति प्राप्त हुने विश्वास लिइन्छ ।

# अक्सफोर्डमा युरेससहित क्लबहरू पुनर्गठन

**ललित अधिकारी / तुलसी धमला**
पोखरा, २९ बैशाख

पोखरा १३ बाँझापाटनस्थित अक्सफोर्ड स्कुलमा शुक्रबार युरेससहित क्लबहरू पुनर्गठन गरिएको छ ।

युरेस अक्सफोर्ड स्कुलको अध्यक्ष गौरव आचार्य, उपाध्यक्षद्वय एन्जल गुरुङ, लीना गुरुङ, सचिव श्रद्धा गुरुङ, कोषाध्यक्ष ईश्वर ढकाल, सहसचिव ईशा गुरुङ, सहकोषाध्यक्ष सुवास गुरुङ चयन भए । सदस्यहरू रोजी सुनार, उज्ज्वल घोताने, रोमित भण्डारी, करिना विक, आकाश गुरुङ, रोहित गुरुङ, रितु गुरुङ, कुसुम गुरुङ, ओमबहादुर सुनार र आफिफा खातुन चुनिए । सर्कलका शिक्षक नायक मनोज बराल चयन भए । संरक्षक विद्यालयका प्रधानाध्यापक प्रेमराज अधिकारी छन् । यस्तै, अक्सफोर्ड स्पार्टस् क्लबका अध्यक्ष स्वरुप गुरुङ चयन भएका छन् । क्लबका उपाध्यक्ष विपीन सुनार, सचिव शिला गुरुङ, कोषाध्यक्ष सौगात परियार छानिए । क्लबका सदस्यहरू सुजन मल्ल, सृष्टि पाण्डे, सजनी श्रेष्ठ, अनिशा सुनार, अबिस्मा गुरुङ, विशाल नेपाली, दिया सुनार, रजक मिया, सेजल विक, प्रजोल गुरुङ र क्रितेश सुनार छन् । क्लब संयोजक स्पोर्ट शिक्षक अजय गुरुङ रहेको शिक्षक मनोज बरालले जानकारी दिए ।

यसैगरी, अक्सफोर्ड कल्चरल क्लबको अध्यक्षमा सुजता सुनार चयन भएकी छन् । क्लबको उपाध्यक्ष जेसिका गुरुङ, सचिव मनीष बराल, कोषाध्यक्ष सुभेच्छा गुरुङ चुनिए । सदस्यहरू जेनिस पौडेल, विनय विक, रेश्मा परियार, सुशन विक, लप्सन गुरुङ, गुलाम गोअस, सुरज सुनार, करण विक, रिसब विक, कुशल सुनार र विपन सुनार छन् । क्लब पुनर्गठन कार्यक्रममा विद्यालय प्रअ प्रेमराज अधिकारीले विद्यार्थी सहभागिता बढाउन र क्रियाकलापमार्फत सिक्ने वातावरण बनाउन विद्यार्थीलाई विभिन्न क्लबमा आबद्ध गराएको बताए ।


## त्रिभुवन विश्वविद्यालय
## वन विज्ञान अध्ययन संस्थान
### पोखरा क्याम्पस, पोखरा

## दरभाउ पत्र आह्वानको सूचना

१) ल्याब Equipment सप्लाई गर्ने सम्बन्धी शलबन्दी दरभाउपत्र आव्हाउनको सूचना ।
यस क्याम्पसको फरेष्ट्र प्रोडक्ट युटिलाईजेशन ल्यावका लागि थप Lab Equipments आवश्यक भएको हुँदा अनुमानित लागत भ्याट बाहेक रु, ७,३९,000/- (सात लाख उनन्चालिस हजार मात्र) मा नबढाई सप्लाई गरी जडान गर्न ईच्छुक, कालो सूचीमा नपरेका, Lab Equipment सप्लाई गर्न ईजाजत प्राप्त फर्म वा कम्पनीहरुबाट मिति २०८०/०२/१४ गतेभित्र रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

२) ल्याब Equipment सप्लाई गर्ने सम्बन्धी शीलबन्दी दरभाउपत्र आव्हानको सूचना ।
यस क्याम्पसका विभिन्न ल्यावहरुका लागि केही Lab Equipment आवश्यक भएको हुँदा अनुमानित लागत भ्याट बाहेक रु ११,८५,000।- (एघार लाख पचासी हजार मात्र) मा नबढाई सप्लाई गरी जडान गर्न ईच्छुक, कालो सूचीमा नपरेको, Lab Equipment सप्लाई गर्न ईजाजत प्राप्त फर्म वा कम्पनीहरुबाट मिति २०८०/०२/१४ गतेभित्र रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

३) सेवा करारमा हेभी सवारी चालक (ड्राईभर)को पदपूर्ति गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।
यस क्याम्पसका लागि हेभी सवारी चालक(ड्राईभर) पद एक व्यक्तिगत सेवा करारमा बढिमा छ महिनाका लागि पदपुर्ति गर्नुपर्ने भएको हुँदा अनदालतबाट कुनै कसुरदार नठहरिएको ईच्छुक, योग्य, नेपाली नागरिकहरुबाट मिति २०८०/०२/१४ गतेभित्र रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

विस्तृत जनकारीका लागि यस क्याम्पसको वईवसाईट हेर्न वा क्याम्पसमा सम्पर्क राख्नुहोला ।

निमित्त क्याम्पस प्रमुख